# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## आदेश
## मु.नं. २२२/२०७३/०७४
## निर्णय नं. १२५

जिल्ला बारा, कलैया नगरपालिका-७ निबासी मन्जु सोनार ................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, कलैया नगरपालिकाको कार्यालय, बारा ......................................१ } विपक्षी
सूचना अधिकारी, कलैया नगरपालिकाको कार्यालय, बारा ......................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला बारा, कलैया नगरपालिका-७ निबासी मन्जु सोनारले कलैया नगरपालिकाको कार्यालय, बारा समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।२५ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी कलैया नगरपालिकाको कार्यालय, बाराको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१ आ. व. २०७२/०७३ मा कलैया नगरपालिका वार्ड नं. ७ मा निर्माण भएको सडक कहाँदेखि कहाँसम्म बनाईयो र सोको लागि कति वजेट विनियोजित भएको थियो ?

२ आ. व. २०७३/०७४ को लागि कलैया नगरपालिकाको कार्यालय, बाराले के कति बिकास वजेट बिनियोजन गरेको छ ? र कलैया नगरपालिका वार्ड नं. ७ को लागि के कति वजेट कुन कुन शीर्षकमा विनियोजन गरिएको छ ? सोको विवरण ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल मंसिर १ गते रोज ४ शुभम् ।